## गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्न स्थापित प्राइभेट फर्मको दर्ता, नविकरण सम्बन्धमा व्यवस्था गरी नागरिकको आर्थिक हित र सुविधा प्रवर्धन गर्दै प्रदेशको आर्थिक समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्राइभेट फर्म" भन्नाले निजी वा अन्य नामबाट एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योग, व्यापार वा व्यवसाय क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

३. **दर्ता नगरी प्राइभेट फर्म सञ्चालन गर्न नहुने:** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि प्राइभेट फर्म सञ्चालन गर्न हुँदैन ।

(२) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्मले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम दर्ता अद्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक भएको प्राइभेट फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

४. **<u>प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः</u>** (१) प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको कार्यालयमा देहायका विवरण खुलाई दरखास्त दिनु पर्नेछः-

(क) प्राइभेट फर्मको नाम र ठेगाना,

(ख) प्राइभेट फर्मको उद्देश्य तथा कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(ग) प्राइभेट फर्मको धनीको नाम र ठेगाना

(घ) मन्त्रालयले तोकेका अन्य विवरण ।

(२) प्राईभेट फर्म दर्ता गर्दा लाग्ने दस्तुर र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

तर, महिला,अपाङ्ग,दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र र सिमान्तिकृत समुदायका व्यक्तिलाई तोकिए बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा प्राईभेट फर्म दर्ता गर्न मनासिव देखिएमा कार्यालयले तोकिए बमोजिम दर्ता गरी दरखास्तवालालाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उफदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी प्राइभेट फर्म दर्ता गरिने छैन ।

तर, तोकिए बमोजिमको अनुमति लिई प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न वाधा पर्ने छैन।

(५) उपदफा (१) बमोजिमको दरखास्त जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा त्यस्तो विवरण वा कागजात माग गर्न सकिनेछ ।

(६) उपदफा (१) बमोजिमको दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा कार्यालयले सात दिन भित्र सोको कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

५. **<u>प्राइभेट फर्मको नवीकरणः</u>** (१) यो ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्म प्रत्येक दुई वर्षमा तोकिएको शुल्क लिई नवीकरण गर्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै कारणवस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिए बमोजिमको शुल्क लिई नवीकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिमा समेत नविकरण हुन नसकेका प्राइभेट फर्म भएमा पुनः एक बर्ष अवधि थप गरि तोकिएको थप शुल्क र जरिवाना गरि नविकरण गर्न सकिनेछ ।

(४) प्राइभेट फर्मको दर्ता, नवीकरण शुल्क लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

तर, महिला,अपाङ्ग,दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र र सिमान्तिकृत समुदायका व्यक्तिलाई तोकिए बमोजिम लाग्ने शुल्कमा पहिलो पटकको लागि पचास प्रतिशत छुट हुनेछ।

६. **<u>विवरणमा हेरफेर गर्नु परेमा स्वीकृत लिनुपर्नेः-</u>** (१) कुनै प्राईभेट फर्मले दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा हेरफेर गर्नु परेमा कार्यालयको स्वीकृति लिनु पर्नेछ।

(२) विवरण हेरफेर शुल्क लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>विवरण माग गर्न सक्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग कार्यालयले आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको विवरण तोकिएको समय भित्र पेश गर्नु सम्बन्धित प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

८. **<u>अनलाइन माध्यमको प्रयोगः</u>** (१) प्राइभेट फर्मको दर्ता, नवीकरण, नामसारी, ठाउँसारी र खारेजी लगायतका कार्य गर्दा अनलाईन माध्यमको प्रयोग गर्न सकिनेछ ।

(२) अनलाईन माध्यमको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **<u>अनुमति वा इजाजतपत्र लिनुपर्नेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न पाउने छैन।

१०. **<u>प्राइभेट फर्म खारेज गर्न सकिनेः-</u>** (१) देहायको अवस्थामा कार्यालयले प्राइभेट फर्म खारेज गर्न सक्नेछः-

(क) तोकिएको अवधिभित्र नवीकरण नगरेमा,

(ख) प्राइभेट फर्मको धनीले मुनासिव कारण दर्शाई आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी कार्यालय समक्ष निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (१) को विपरित हुने गरी झूठा विवरण पेश गरी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित कार्यालयले दफा ७ बमोजिम माग गरेको विवरण सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र पेश नगरेमा,

(ङ) प्राइभेट फर्मले सम्बन्धित कार्यालयलाई जानकारी दिई वा नदिई उद्योग व्यवसाय बन्द गरेमा,

(च) प्राइभेट फर्मले दर्ता गर्दाको बखत तोकिएको शर्त बमोजिम कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित कार्यालयमा पेश नगरेमा, वा

(छ) प्राइभेट फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम प्राइभेट फर्म खारेज गर्नु अघि सफाईको उचित मौका दिनुपर्नेछ ।

११. **सजाय र पुनरावेदनः** (१) यो ऐन बमोजिम तोकिएको अवधिभित्र दर्ता नगराई खोलिएको प्राइभेट फर्म धनीलाई फर्मको पुँजी लगानीको आधारमा कार्यालय प्रमुखले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गरी दर्ता गर्नको लागि तीन महिनाको अवधि दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको अवधिभित्र पनि प्राइभेट फर्म दर्ता गर्न नआएमा त्यस्तो प्राइभेट फर्मलाई कार्यालय प्रमुखले शुरु जरिबानामा थप दश हजार रुपैया जरिबाना लिई दर्ताको लागि एक महिनाको अवधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिईएको अवधिमा समेत दर्ता नगराई प्राइभेट फर्म सञ्चालन गरेमा पुन थप बीस हजार रुपैया जरिबाना गरी दर्ताको लागि एक महिनाको अवधि दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिईएको अवधिमा समेत दर्ता नगराई प्राइभेट फर्म सञ्चालन गरेमा त्यस्तो फर्म बन्द गरी उक्त प्राइभेट फर्म धनीको नामबाट दुई वर्षसम्म कुनै पनि प्राइभेट फर्म दर्ता गरिने छैन ।

(५) दफा ४ को उपदफा (१) बमोजिम विवरण पेश गर्दा झुट्टा विवरण दिने व्यक्तिलाई सम्बन्धित कार्यालयको प्रमुखले पन्ध्र हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) यस दफा बमोजिम गरेको जरिबानामा चित्त नुबुझ्ने व्यक्तिले निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१२. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रहि मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

१३. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रदेश सभाको सम्वत् २०७८ साल आश्विन ५ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी
सभामुख
गण्डकी प्रदेश
मितिः २०७८।०६।०५

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

पृथ्वीमान गुरुङ्ग
प्रदेश प्रमुख